कागेश्वरी मनोहरा नगरपालिका

# कागेश्वरी नगर बुलेटिन

मासिक

Progess Through Unity & Development

वर्ष : २ | २०८३ बैशाख | अंक : ५





## पृष्ठ २
मुख्यमन्त्री सहित तीन मन्त्रीद्वारा कागेश्वरी मनोहरा नगर अस्पताल...

## पृष्ठ ५
नगर उप-प्रमुख शान्ता थापाको नेतृत्वमा विकास योजनाहरू...

## पृष्ठ १५
डिप्रेशनः के यो चिन्ताको विषय होइन ?

## पृष्ठ ७
कागेश्वरी मनोहरा ६ मा महिलालाई कौसी खेती तालिम, औजार र बिउ वितरण

## पृष्ठ १०
घरबहाल कर संकलनका लागि कागेश्वरी मनोहरा नगरपालिका...

## पृष्ठ १७
कागेश्वरी मनोहरा नगरपालिकामा न्यायिक समिति सक्रिय...


## INFRASTRUCTURE REVOLUTION

Connecting Communities for a Brighter Future

# कार्यपालिका पदाधिकारीहरु


उपेन्द्र कार्की
नगर प्रमुख


शान्ता थापा
नगर उपप्रमुख


पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत


मुकुन्द गजुरेल
वडा अध्यक्ष, वडा नं. १


सुरज खड्का
वडा अध्यक्ष, वडा नं. २


राममणि पुडासैनी
वडा अध्यक्ष, वडा नं. ३


विजय श्रेष्ठ (धन)
वडा अध्यक्ष, वडा नं. ४


शंकर पाण्डे
वडा अध्यक्ष, वडा नं. ५


प्रकाश फ्याल
वडा अध्यक्ष, वडा नं. ६


स्व. भिमसेन थापा
वडा अध्यक्ष, वडा नं. ७


हरिभक्त पुडासैनी
वडा अध्यक्ष, वडा नं. ८


अनिल थापा
वडा अध्यक्ष, वडा नं. ९


रमा कालिका
कार्यपालिका सदस्य


गोमा रोक्का विशुंखे
कार्यपालिका सदस्य


रूपमती भण्डारी
कार्यपालिका सदस्य


गुणकेशरी श्रेष्ठ
कार्यपालिका सदस्य


सारा पुर्कुटी
कार्यपालिका सदस्य


गोपाल दर्जी
कार्यपालिका सदस्य


अशोककुमार ब्रम्हाशाखा
कार्यपालिका सदस्य


प्रकाश नेपाली
कार्यपालिका सदस्य

# कागेश्वरी मनोहरा नगरपालिका
## मासिक नगर बुलेटिन

वर्ष : २ | २०८३ बैशाख | अंक : ५


# सम्पादकीय



नगरपालिकाको चालु आर्थिक वर्षमा नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका मुख्य मुख्य गतिविधिहरू समेटी नगर बुलेटिनको पाँचौं अंक प्रकाशन गरेका छौं। आधुनिक डिजिटल प्रविधिको उपयोग गर्दै नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट सम्पादन हुने गतिविधिसम्बन्धी सूचना वेबपेज, फेसबुक पेज, मिडिया लगायत विभिन्न माध्यमबाट प्रकाशन/प्रशारण गरी नागरिकलाई सूचनाको हकको प्रत्याभूति गराउने तथा शासकीय गतिविधिमा पारदर्शिता कायम गर्ने कार्यमा नगरपालिका निरन्तर क्रियाशील रहँदै आएको छ।

यसै सन्दर्भमा, नगरवासी तथा अन्य सरोकारवालाहरूको हातहातमा नगरपालिकाका गतिविधिहरू समेटिएको मासिक नगर बुलेटिन पुर्‍याउने, नगरका गतिविधिहरूलाई व्यवस्थित रूपमा संग्रह गरी भविष्यसम्मका लागि अभिलेखीकरण गर्दै संस्थागत स्मृति (Institutional Memory) लाई सुदृढ, दीगो र प्रभावकारी बनाउने उद्देश्यले नगर बुलेटिन प्रकाशनको शुरुवात गरिएको हो।

यस अंकमा मुख्यतः कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को आय व्ययसम्बन्धी विवरण, चालु आर्थिक वर्ष २०८२/८३ का प्रमुख नीति तथा कार्यक्रम र आय–व्यय अनुमान, विकास कार्यक्रमहरू, शाखाहरूबाट सम्पादन भएका गतिविधिहरू, वडागत कार्य विवरण, साथै समग्र नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा भएका प्रमुख क्रियाकलाप, उपलब्धि, समस्या/चुनौती तथा तस्बिरहरू समावेश गरिएको छ।

नगरपालिकाको यो पहिलो प्रयास भएको हुँदा बुलेटिनका विभिन्न पक्षमा सुधार गर्नुपर्ने विषयहरू हुन सक्छन्। नगर बुलेटिनका आगामी अंकहरू नियमित रूपमा प्रकाशन गरिने भएकाले यस बुलेटिनको अध्ययन गरी विषयवस्तु, ढाँचा तथा प्रस्तुतीकरणका सम्बन्धमा आगामी दिनमा सुधारका लागि यहाँहरूको रचनात्मक सुझाव को अपेक्षा गरेका छौं।


**कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रकाशित मासिक नगर बुलेटिन**

**संरक्षक**



श्री उपेन्द्र कार्की
नगर प्रमुख



श्री शान्ता थापा
उप प्रमुख



श्री पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**सम्पादक/सामग्री संयोजन**



श्री प्रलिना अधिकारी
मिडिया अधिकृत

**For Inquiry or Further Details**
Email: mediadepartkageshwori@gmail.com



**कागेश्वरी मनोहरा नगरपालिका**
थली, काठमाडौं
बागमती प्रदेश, नेपाल
फोन नं. ०१-४४५१२४२, ४४५०३५६, ४४५०९८६
फ्याक्स: +९७७ १ ४४५०३५६
Email: er.kageshworimun@gmail.com
Website: www.kageshworimanoharamun.gov.np

# मुख्यमन्त्री सहित तीन मन्त्रीद्वारा कागेश्वरी मनोहरा नगर अस्पतालको एकसाथ अवलोकन, अस्पताललाई प्रदेश सरकारको पूर्ण साथ

कागेश्वरी मनोहरा, काठमाडौं : बागमती प्रदेशका मुख्यमन्त्री सहित तीन मन्त्रीद्वारा कागेश्वरी मनोहरा नगर अस्पतालको एकसाथ अवलोकन गर्नुभएको छ। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ र खानेपानी मन्त्री कृष्ण कुमार तामाङको उच्चस्तरीय टोलीले अवलोकन गरेको हो।



प्रदेश प्रमुख सहितको उपस्थितिमा सम्पन्न अवलोकन तथा सुपरिवेक्षण कार्यक्रमले अस्पताललाई थप ऊर्जा, आत्मविश्वास र आशा प्रदान गरेको छ। कागेश्वरी मनोहरा नगर अस्पतालले प्रदेश नेतृत्वको प्रत्यक्ष चासो, ऐक्यबद्धता र स्पष्ट प्रतिबद्धतासँगै आफ्नो विकास यात्रामा नयाँ उचाइतर्फ अग्रसर हुने संकेत देखाएको छ।

उक्त अवसरमा प्रदेश नेतृत्वले अस्पतालका विभिन्न सेवा इकाइहरू‘प्रयोगशाला, स्वास्थ्य बीमा सेवा, आपतकालीन कक्ष, ओपीडी सेवा तथा समग्र व्यवस्थापन प्रणाली‘को स्थलगत निरीक्षण गर्दै सेवा प्रवाहको गुणस्तरबारे प्रत्यक्ष जानकारी लिएका थिए। सीमित स्रोतसाधनका बाबजुद पनि अस्पतालले नागरिकलाई निरन्तर सेवा दिइरहेकोप्रति उनीहरूले खुलेर प्रशंसा व्यक्त गरेका थिए। विशेषगरी स्वास्थ्य बीमा कार्यक्रममार्फत सर्वसाधारणले सहज रूपमा उपचार पाइरहेको अवस्था र सेवाग्राहीमा देखिएको विश्वासले नेतृत्वलाई सकारात्मक रूपमा प्रभावित बनाएको थियो।

अवलोकनकै क्रममा अस्पतालको दीर्घकालीन विकासलाई केन्द्रमा राखी तयार गरिएको 'नयाँ भवन गुरुयोजना (Master Plan)' प्रस्तुत गरिएको थियो। उक्त योजनामा आधुनिक पूर्वाधारसहित सेवा विस्तार, विशेषज्ञ सेवा सञ्चालन र दीर्घकालीन स्वास्थ्य संरचना विकासका स्पष्ट लक्ष्यहरू समेटिएका छन्। मुख्यमन्त्री बानियाँले उक्त योजनाप्रति विशेष चासो देखाउँदै प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि प्रतिबद्धता जनाएका छन्। यसले स्थानीय तह र प्रदेश सरकारबीच सहकार्यमा आधारित विकास अवधारणालाई थप बलियो बनाएको छ।

कार्यक्रममा नगर प्रमुख, उप प्रमुख तथा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूले अस्पताल स्थापना कालदेखि हालसम्मको संघर्षपूर्ण यात्रा, सीमित स्रोतबीच सेवा विस्तारका प्रयास र नागरिक स्वास्थ्यमा परेको सकारात्मक प्रभावबारे विस्तृत जानकारी प्रस्तुत गरेका थिए। साथै कार्यकारी




निर्देशक तथा मेडिकल सुपरिटेन्डेन्टले अस्पतालको भावी योजना, सेवा विस्तारको मार्गचित्र तथा आधुनिक स्वास्थ्य सेवातर्फको दृष्टिकोण प्रस्तुत गरेका थिए, जसले आगामी दिनमा अस्पताललाई थप व्यवस्थित र सक्षम बनाउने दिशामा स्पष्ट संकेत दिएको छ।

कार्यक्रम केवल औपचारिकतामा सीमित नभई प्रदेश नेतृत्वले अस्पतालको सेवा प्रणालीलाई नजिकबाट बुझ्ने, बिरामी तथा सेवाग्राहीसँग प्रत्यक्ष संवाद गर्ने र व्यवस्थापनको व्यवहारिक अवस्था बुझ्ने प्रयास गरेको देखिएको थियो। उनीहरूको आत्मीयता र सक्रिय सहभागिताले अस्पताल परिवार मात्र होइन, सम्पूर्ण नगरवासीलाई उत्साहित र आशावादी बनाएको छ।

कार्यक्रमको अन्त्यतिर नगर नेतृत्वले अस्पतालका तत्कालीन आवश्यकता र चुनौतीहरूतर्फ प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराएको थियो। विशेषगरी अत्यावश्यक शल्यक्रिया कक्ष (OT) को अभाव, १०० शय्यामा स्तरोन्नति भइसके पनि त्यसअनुसारको भौतिक पूर्वाधार नहुनु, दक्ष जनशक्ति कमी तथा आधुनिक उपकरणहरूको अभावजस्ता विषयहरूलाई प्राथमिकताका साथ उठाइएको थियो। बढ्दो बिरामी चाप र नागरिक अपेक्षालाई ध्यानमा राख्दै अस्पताललाई पूर्ण क्षमतायुक्त, आधुनिक र



गुणस्तरीय स्वास्थ्य संस्थाका रूपमा विकास गर्न प्रदेश सरकारको विशेष सहयोग अपरिहार्य रहेको धारणा व्यक्त गरिएको छ।

समग्रमा, स्वास्थ्य सेवा केवल उपचारको विषय मात्र नभई नागरिकको आधारभूत अधिकार, विश्वास र राज्यप्रतिको अनुभूतिसँग प्रत्यक्ष जोडिएको विषय हो। कागेश्वरी मनोहरा नगर अस्पतालप्रति प्रदेश नेतृत्वले देखाएको चासो, प्रतिबद्धता र ऐक्यबद्धताले आगामी दिनमा यस अस्पताललाई एक नमूना, प्रभावकारी र विश्वासिलो स्वास्थ्य केन्द्रका रूपमा स्थापित गर्ने विश्वासलाई थप मजबुत बनाएको छ।



# नगरप्रमुख उपेन्द्र कार्कीको विशेष पहलः कागेश्वरी मनोहरा नगर अस्पताल अब आइतबार पनि खुल्ने

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाका आदरणीय नगरप्रमुख उपेन्द्र कार्की ज्यूको विशेष सक्रियता र जनमुखी नेतृत्वका कारण मूलपानीस्थित कागेश्वरी मनोहरा नगर अस्पतालले आफ्नो सेवा प्रवाहमा महत्वपूर्ण सुधार गरेको छ। बिरामीको बढ्दो चाप र सेवाग्राहीहरूको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै नगरप्रमुख कार्कीले अबदेखि आइतबारका दिन पनि अस्पतालका सम्पूर्ण सेवाहरू सुचारु राख्ने निर्णय गर्नुभएको हो। स्वास्थ्य सेवालाई 'अत्यावश्यक सेवा' को रूपमा परिभाषित गर्दै उहाँले नागरिकले कुनै पनि दिन उपचारबाट वञ्चित हुन नपरोस् भन्ने हेतुले यो कदम चाल्नुभएको हो।

अस्पताल प्रशासनले जारी गरेको सूचना अनुसार, अब सम्पूर्ण स्वास्थ्यकर्मी र कर्मचारीहरू साविक बमोजिम नै आइतबार पनि कार्यक्षेत्रमा खटिनेछन्। "सबल, सक्षम र विकासमुखी स्थानीय सरकार" को अवधारणा अनुरूप नगरप्रमुख ज्यूले स्वास्थ्य क्षेत्रमा पुर्‍याउनुभएको यस योगदानले स्थानीय जनमानस र बिरामीहरूलाई ठूलो राहत मिलेको छ।

**कागेश्वरी मनोहरा नगरपालिका**
**Kageshwori Manohara Municipality**
**कागेश्वरी मनोहरा नगर अस्पताल**
**Kageshwori Manohara Nagar Hospital**

Letter No.: ०८२/०८३
Ref. No.:

Ward No. 6, Mulpani, Kathmandu
Bagmati Province, Nepal

Date: २०८२/१२/२६

कागेश्वरी मनोहरा नगर अस्पताल
कागेश्वरी मनोहरा-६
मुलपानी, काठमाडौं

**सूचना ! सूचना !! सूचना !!!**

**विषयः नगर अस्पताल खुल्ने समय सम्बन्धमा।**

प्रस्तुत विषयमा अस्पताल सेवा अत्यावश्यक सेवा अन्तरगत रहेकाले सम्पूर्ण सेवा साविक अनुसार नै यथावत संञ्चालन हुने व्यहोरा सम्पूर्ण कर्मचारी, स्वास्थ्यकर्मी एंव सेवाग्राहीहरुमा जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

कागेश्वरी मनोहरा नगर अस्पताल
कागेश्वरी मनोहरा-६
मुलपानी, काठमाडौं

कार्यकारी निर्देशक

Scanned with CamScanner

"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

# नगर उप-प्रमुख शान्ता थापाको नेतृत्वमा विकास योजनाहरूको स्थलगत अनुगमनः गुणस्तरहीन काम गर्नेलाई कारबाहीको चेतावनी

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाका उप-प्रमुख शान्ता थापाको नेतृत्वमा नगरपालिकाको प्राविधिक टोलीले नगरभित्र सञ्चालित विभिन्न विकास निर्माणका योजनाहरूको सघन स्थलगत अनुगमन तथा निरीक्षण गरेको छ। योजनाहरूको कार्यप्रगति बुझ्न र निर्माण कार्यमा गुणस्तर कायम गराउन उप-प्रमुख थापा आफैं निर्माणस्थलमा पुग्नुभएको हो।



अनुगमनका क्रममा उप-प्रमुख थापाको टोलीले वडा नं. १ देखि ८ सम्मका रणनीतिक महत्वका आयोजनाहरूको अवलोकन गरेको छ। निरीक्षण गरिएका मुख्य कार्यहरू यसप्रकार छन्:



- **पूर्वाधार र सडक सञ्जालः** थपाडाँडा—जसपुर सडक, स्यालडाँडा सडक, गोकर्णेश्वर मार्ग, र धुलापुर सडकको निर्माण कार्य साथै, सापकोटा टोल-खहरे-धुमाचल र माछापोखरी-बागमती जोड्ने सडकहरूको स्तरोन्नति।
- **प्रकोप नियन्त्रण र सुरक्षाः** वडा नं. १ को काभ्रे खोला पुवारगाउँमा भइरहेको पहिरो नियन्त्रण कार्य र महादेव खोला भित्रि सडकमा डल तथा वाल निर्माणको गुणस्तर जाँच।
- **सम्पदा र पर्यटनः** वडा नं. ४ मा निर्माणाधीन देबल डाँडा पार्क, वडा नं. ३ मा फाल्सा निर्माणको तयारी र ढुंगे साँगु मार्गमा भइरहेको 'Flagstone' छपाइ कार्य।

## "गुणस्तरमा कुनै सम्झौता हुँदैन" - उप-प्रमुख थापा

अनुगमनका क्रममा केही योजनाहरूमा देखिएका साना-तिना प्राविधिक त्रुटिहरूलाई तत्काल सच्याउन उप-प्रमुख थापाले निर्देशन दिनुभएको छ। निर्माण पक्षलाई सचेत गराउँदै उहाँले भन्नुभयो' "जनताको करबाट बनेका योजनाहरू गुणस्तरीय र दीर्घकालीन हुनुपर्छ। काममा ढिलासुस्ती गर्ने वा गुणस्तरहीन सामग्री प्रयोग गर्नेलाई कुनै पनि हालतमा छुट दिइने छैन।"



उप-प्रमुखको नेतृत्वमा भएको यस अनुगमनले विकास निर्माणका कार्यलाई थप व्यवस्थित, पारदर्शी र जनमुखी बनाउने लक्ष्य राखेको छ। टोलीले उपभोक्ता समिति र निर्माण व्यवसायीहरूलाई तोकिएको मापदण्ड पालना गर्दै समयमै काम सम्पन्न गर्न निर्देशन समेत दिएको छ।

नगरपालिकाले आगामी दिनमा पनि उप-प्रमुखको नेतृत्वमा यस्ता छड्के तथा नियमित अनुगमनलाई निरन्तरता दिने र विकासमा देखिएका अवरोधहरूलाई तत्काल सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# बालबालिकामाथि हुन सक्ने अनलाइन जोखिम न्यूनीकरणका लागि सबै पक्ष जिम्मेवार बन्नुपर्छ : उपमेयर थापा

**अभिभावक, विद्यालय र स्थानीय सरकारबीच समन्वय आवश्यक**

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाकी उपमेयर शान्ता थापाले प्रविधिको विकाससँगै बालबालिकामाथि अनलाइन माध्यमबाट हुने जोखिम र शोषण बढ्दै गएको भन्दै त्यसको न्यूनीकरणका लागि स्थानीय तहले प्रभावकारी भूमिका खेल्नुपर्ने बताएकी छन्।




कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को आयोजनामा आज भएको 'इन्टरनेट तथा अनलाइनको माध्यमबाट बालबालिकामाथि हुन सक्ने जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भूमिका' विषयक कार्यशाला गोष्ठीमा बोल्दै उपमेयर थापाले बालबालिकाको सुरक्षित डिजिटल भविष्यका लागि अभिभावक, विद्यालय र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको उल्लेख गरिन्।

उनले पछिल्लो समय बालबालिकामा मोबाइल प्रयोगको लत बढ्दै गएको र सामाजिक सञ्जाल तथा इन्टरनेटको गलत प्रयोगले विभिन्न जोखिम निम्त्याइरहेको बताइन्। 'प्रविधि अवसरसँगै चुनौती पनि हो। बालबालिकाको अनलाइन गतिविधिप्रति अभिभावक सचेत हुन आवश्यक छ,' उनले भनिन्।

छलफलमा सहभागीहरूले बालबालिकालाई साइबर अपराध, अनलाइन दुर्व्यवहार तथा शोषणबाट जोगाउन स्थानीय तहले नीतिगत र व्यवहारिक पहल गर्नुपर्नेमा जोड दिएका थिए। साथै, अभिभावकहरूले पनि आफ्ना बालबालिकाको दैनिक गतिविधि र मोबाइल प्रयोगमा विशेष ध्यान दिनुपर्ने सुझावसमेत दिइएको थियो।

कार्यक्रममा न्यायिक समितिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, वडा सचिवहरूको सक्रिय सहभागिता रहेको थियो।

# कागेश्वरी मनोहरा ६ मा महिलालाई कौसी खेती तालिम, औजार र बिउ वितरण



कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ६ का कृषक महिला समूहलाई कौसी खेती सम्बन्धी तालिम प्रदान गरिएको छ। नगरपालिकाको सहयोगमा सञ्चालन गरिएको उक्त तालिममा ६० जना महिला दिदीबहिनीहरूको सहभागिता रहेको थियो। तालिममा कौसी खेती गर्ने आधुनिक तरिका, तरकारी उत्पादन, जैविक मलको प्रयोग, बीउ व्यवस्थापन तथा घरमै स्वस्थ र ताजा तरकारी उत्पादन गर्ने विषयमा जानकारी प्रदान गरिएको थियो।

तालिमसँगै सहभागीहरूलाई आवश्यक कृषि औजार तथा विभिन्न प्रजातिका बिउसमेत वितरण गरिएको थियो। प्रशिक्षकहरूले सीमित स्थानको सदुपयोग गर्दै घरको छत तथा कौसीमा तरकारी खेती गर्न सकिने र यसबाट परिवारको पोषण सुधारसँगै अतिरिक्त आम्दानीसमेत गर्न सकिने बताएका थिए।





कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष प्रकाश फुयालले आगामी दिनमा पनि यस्ता सीपमूलक तथा आयआर्जनसँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिइने बताएका छन्। साथै उनले उत्कृष्ट कृषकलाई प्रोत्साहनस्वरूप पुरस्कार वितरण गरिने जानकारीसमेत दिएका थिए।

सहभागी महिलाहरूले तालिम निकै उपयोगी रहेको बताउँदै सिकेका सीपलाई व्यवहारमा उतारेर कौसी खेतीलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। तालिममा वडासदस्यहरु बिकाश केसी, रूपमती सापकोटा लगायतको उपस्थिति थियो।






# खानेपानी तथा सरसफाई आयोजनामा तीव्र प्रगति

## खानेपानी तथा ढल व्यवस्थापन शाखाको प्रभावकारी समन्वयमा निर्माण कार्य अगाडि

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाअन्तर्गत सञ्चालनमा रहेका खानेपानी तथा ढल व्यवस्थापनसम्बन्धी आयोजनाहरूमा उल्लेखनीय प्रगति हासिल भएको छ। खानेपानी तथा ढल व्यवस्थापन शाखाको प्रभावकारी समन्वय, अनुगमन तथा सहकार्यका कारण विभिन्न वडामा निर्माण कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ।



Reinstatement works





Excavation for pipe laying works



Deep boring works



Node selection for valve installation



excavation for pipeline



Basework for reinstatement

## भैमाल—गोठाटार खानेपानी तथा सरसफाई आयोजना

वडा नं. ६, ७, ८ र ९ मा स्वच्छ तथा नियमित खानेपानी वितरण गर्ने उद्देश्यले सञ्चालन गरिएको भैमाल—गोठाटार खानेपानी तथा सरसफाई आयोजना Phase I र Phase II गरी दुई प्याकेजमा निर्माणाधीन रहेको छ।

Phase I अन्तर्गत खानेपानी पाइपलाइन विस्तारको कार्य तीव्र गतिमा भइरहेको छ। हालसम्म करिब २० किलोमिटर पाइप जडान सम्पन्न भइसकेको शाखाले जनाएको छ।

त्यसैगरी, Phase II अन्तर्गत विभिन्न महत्वपूर्ण कार्य सम्पन्न भएका छन्। यसअन्तर्गत दुई वटा बोरहोल ड्रिलिङ, पाइप लोअरिङ तथा वेल डेभलपमेन्ट कार्य सफलतापूर्वक सम्पन्न भएको छ। साथै वडा नं. ६, ७, ८ र ९ का विभिन्न स्थानमा पाइपलाइन विस्तार कार्य जारी रहेको र हालसम्म करिब ३५ किलोमिटर पाइप जडान सम्पन्न भइसकेको जानकारी दिइएको छ।

नगरपालिकाले खानेपानी तथा सरसफाई सेवामा नागरिकको पहुँच विस्तार गर्ने लक्ष्यसहित योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ।

# कागेश्वरी मनोहरामा मालपोत सेवा सञ्चालनको बाटो खुल्यो, नगरप्रमुख कार्कीले भने - 'सेवा अब जनता नजिक पुग्नेछ'

कागेश्वरी मनोहरा, काठमाडौं : नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले देशभरका ३५ स्थानीय तहमा भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालन गर्ने निर्णय गरेसँगै कागेश्वरी मनोहरा नगरपालिका मा पनि मालपोतसम्बन्धी सेवा सञ्चालनको बाटो खुलेको छ।

मन्त्रालयको निर्णयअनुसार अब स्थानीय तहबाटै भूमि प्रशासनसम्बन्धी सेवा प्रवाह गर्ने तयारी अघि बढाइने भएको हो। यस कदमलाई संघीय शासन प्रणालीको व्यवहारिक कार्यान्वयनतर्फको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

यस विषयमा प्रतिक्रिया दिँदै नगरप्रमुख उपेन्द्र कार्कीले यो निर्णयले नागरिकलाई प्रत्यक्ष राहत पुग्ने बताएका छन्। नगरप्रमुख कार्कीले भने, 'ऐतिहासिक उपलब्धि ! कागेश्वरी मनोहरा नगरपालिका सहित देशभरका ३५ वटा स्थानीय तहमा मालपोत कार्यालय सञ्चालनको अनुमति प्रदान हुनु संघीय शासन प्रणालीको व्यवहारिक कार्यान्वयनतर्फको महत्वपूर्ण



कदम हो। यस निर्णयसँगै अब सामान्य नागरिकले सेवा लिन टाढासम्म धाउनुपर्ने बाध्यता क्रमशः कम हुनेछ। समय, श्रम र आर्थिक खर्चको बचतसँगै सेवा प्रवाहलाई जनताको घरदैलो नजिक पुर्‍याउने मार्ग खुलेको छ।'

स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने, सेवामा विकेन्द्रीकरण गर्ने तथा नागरिक पहुँचलाई सहज र प्रभावकारी बनाउने दिशामा यो निर्णय सकारात्मक र दूरगामी महत्वको छ।

नगरप्रमुख कार्कीले थपे, 'हामीले परिकल्पना गरेको परिवर्तन यही हो, सेवा जनता नजिक, अधिकार स्थानीय तहमा र प्रशासनमा पारदर्शिता। अबको मुख्य चुनौती प्रभावकारी कार्यान्वयन हो। निर्णय कागजमा मात्र सीमित नभई जनताले प्रत्यक्ष अनुभूति गर्ने परिणाममा रूपान्तरण हुनुपर्छ। सुशासन, दक्ष व्यवस्थापन र नागरिकमैत्री सेवा नै यसको वास्तविक सफलताको मापन हुनेछ।'

मन्त्रालयका अनुसार सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार तयारी तथा प्राविधिक समन्वयको काम सम्बन्धित निकायसँग सहकार्य गरेर अघि बढाइनेछ।

स्थानीय तहबाट सेवा सञ्चालन भएपछि सेवाग्राहीले मालपोत तथा नापीसम्बन्धी सेवा आफ्नै पालिकाबाट सहज रूपमा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

कागेश्वरी मनोहरा नगरपालिकामा जग्गा प्रशासनसम्बन्धी मालपोत कार्यालयको सेवा गत माघ महिनाबाटै औपचारिक रूपमा शुभारम्भ गरिएको थियो।

अन्तरिम सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा. डा. कुमार इङ्नामले सेवाको शुभारम्भ गरेका थिए।

## घरबहाल कर संकलनका लागि कागेश्वरी मनोहरा नगरपालिकाद्वारा वडास्तरीय कार्यक्रम सञ्चालन

**नगरको विकासका लागि आन्तरिक स्रोत सुदृढ हुनु आवश्यक - सुवेदी**

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले घरबहाल कर संकलनलाई प्रभावकारी बनाउन नगरका विभिन्न वडामा वडास्तरीय सचेतनामूलक तथा कर संकलन कार्यक्रम सञ्चालन गरेको छ। नगरपालिकाको राजस्व शाखाको समन्वयमा सञ्चालन भइरहेको उक्त कार्यक्रममा घर, कोठा, सटर तथा भवन भाडामा दिई आम्दानी लिने घरधनीहरूलाई नियमानुसार घरबहाल कर बुझाउन अनुरोध गरिएको छ।





नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदीले नगरको दिगो विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आन्तरिक स्रोत सुदृढ हुनु अत्यन्त आवश्यक रहेको बताउनुभयो। उहाँले स्थानीय सरकारले जन्मपूर्वदेखि मृत्युपश्चातसम्म नागरिकलाई विभिन्न सेवा प्रदान गर्दै आएको उल्लेख गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा बाटोघाटो व्यवस्थापनजस्ता आधारभूत सेवाको मुख्य आधार कर राजस्व नै भएको धारणा व्यक्त गर्नुभयो।

उहाँका अनुसार विगतमा स्थानीय तहहरू बाह्य स्रोतमा बढी निर्भर रहने गरे पनि हाल आन्तरिक राजस्वले नै स्थानीय सरकारका धेरै जिम्मेवारी बहन गर्न थालेको छ।

नगरपालिकाले समयमै कर बुझाई जरिवाना तथा अनावश्यक कानुनी प्रक्रियाबाट बच्न सम्पूर्ण घरधनीहरूलाई अनुरोधसमेत गरेको छ । कर

बुझाउनका लागि नागरिकताको प्रतिलिपि, घरभाडा सम्झौता, घर तथा भवन करको विवरण तथा भाडामा बस्ने व्यक्तिको विवरणसहित सम्बन्धित वडा कार्यालयमा उपस्थित हुनुपर्ने जानकारी नगरपालिकाले दिएको छ।

नगरपालिकाका अनुसार घरबहाल करबाट संकलित राजस्व नगर विकास, पूर्वाधार निर्माण, फोहोरमैला व्यवस्थापन, सडकबत्ती, खानेपानीलगायत सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धिमा उपयोग गर्दै आएको छ।

## सामाजिक सुरक्षा भत्ता वितरणलाई सेवाग्राहीमैत्री बनाउन कागेश्वरी मनोहराको पहल

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई अझ सुरक्षित, व्यवस्थित तथा सेवाग्राहीमैत्री बनाउने उद्देश्यले भत्ता वितरण गर्ने बैंकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।




नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको आयोजनामा थलीमा सम्पन्न उक्त कार्यक्रममा विशेषगरी ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीहरूलाई सहज, सुरक्षित र सम्मानजनक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने विषयमा विस्तृत छलफल गरिएको थियो।

कार्यक्रममा सहभागी विभिन्न बैंकका प्रतिनिधिहरूले भत्ता वितरणका क्रममा देखिएका व्यवहारिक समस्या, सेवाग्राहीको पहुँच, डिजिटल प्रणालीको प्रयोग, बैंकिङ सेवा विस्तार तथा सुरक्षा व्यवस्थासम्बन्धी विषयमा आफ्ना अनुभव तथा सुझावहरू प्रस्तुत गर्नुभएको थियो। उहाँहरूले ज्येष्ठ नागरिकलाई बैंकसम्म आउनुपर्ने झन्झट कम गर्न घरदैलो सेवा, मोबाइल बैंकिङ तथा सरल प्रक्रियामार्फत सेवा प्रवाह गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा नगर उपप्रमुख शान्ता थापाले सामाजिक सुरक्षा भत्ता राज्यद्वारा नागरिकलाई प्रदान गरिने महत्वपूर्ण सामाजिक सुरक्षाको कार्यक्रम भएकाले यसको वितरण पारदर्शी, सुरक्षित तथा सेवाग्राहीमैत्री हुनुपर्ने बताउनुभयो। उहाँले ज्येष्ठ नागरिक, अशक्त तथा असहाय नागरिकलाई सम्मानपूर्वक सेवा उपलब्ध गराउन बैंक तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्नुभयो।

नगरपालिकाका सम्बन्धित शाखाका पदाधिकारीहरूले सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई अझ सहज, प्रभावकारी तथा नागरिकमैत्री बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। कार्यक्रममा विभिन्न बैंकका प्रतिनिधि, नगरपालिकाका कर्मचारी तथा सरोकारवाला निकायहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएसँगै आगामी दिनमा सामाजिक सुरक्षा भत्ता वितरणलाई थप सहज, सुरक्षित तथा प्रभावकारी बनाइने विश्वास नगरपालिकाले व्यक्त गरेको छ।

# विपद् व्यवस्थापनमा कागेश्वरी मनोहराको उच्च सक्रियता
# पूर्वतयारीदेखि उद्धार तथा पुनःस्थापनासम्म प्रभावकारी कार्यान्वयन


कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रमा उल्लेखनीय सक्रियता देखाउँदै आएको छ। नगरपालिकाले वडा नं. १ देखि ९ सम्म वडास्तरीय विपद् व्यवस्थापन समितिहरूको बैठक सञ्चालन गरी सम्पूर्ण वडामा विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन विशेष पहल थालेको जनाएको छ।

नगरपालिकाको विपद् व्यवस्थापन शाखाले शाखा प्रमुख हरि प्रसाद धितालको नेतृत्वमा उच्च सक्रियताका साथ विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःलाभसम्बन्धी योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएको छ।































चालु आर्थिक वर्षमा नगरपालिकाले सयौं विपद् घटनाको अनुगमन तथा निरीक्षण गरेको छ भने ७३ वटा विपद्सम्बन्धी कार्यान्वयन प्रक्रिया अघि बढिसकेको जानकारी दिएको छ। विपद्का समयमा तत्काल उद्धार, राहत वितरण, क्षति मूल्यांकन तथा आवश्यक समन्वयका कार्यलाई तीव्रता दिइएको शाखाले जनाएको छ।

त्यसैगरी नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अध्यावधिक गर्ने, विपद् प्रोफाइल निर्माण गर्ने तथा विभिन्न विपद्बाट बच्ने उपायसम्बन्धी सचेतनामूलक सूचना तथा सन्देशहरू नियमित रूपमा जारी गर्दै आएको छ।

नेपाल सरकार, नेपाल रेडक्रस सोसाइटी, स्थानीय समुदाय तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साझेदार संस्थाहरूसँग सहकार्य गर्दै नगरपालिकाले विभिन्न जनचेतनामूलक कार्यक्रम, विपद् न्यूनीकरण अभियान तथा दमकल व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

नगरपालिकाले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै नागरिकको सुरक्षा, जनधनको क्षति न्यूनीकरण तथा द्रुत प्रतिकार्य प्रणालीलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

## कागेश्वरी मनोहरा नगर अस्पतालको फिजियोथेरापीमा बिरामीको आकर्षण




कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगर अस्पतालको फिजियोथेरापी सेवा प्रभावकारी उपचारका रूपमा स्थापित हुँदै गएको छ। अस्पतालले प्रदान गर्दै आएका विभिन्न स्वास्थ्य सेवामध्ये फिजियोथेरापीलाई विशेष महत्व दिइएको छ, जसका कारण उपचारका लागि टाढाटाढाबाट समेत बिरामीहरू आउने गरेका छन्।

फिजियोथेरापी स्वास्थ्य सेवाको एक महत्वपूर्ण विधा हो, जसले शारीरिक दुखाइ, चोटपटक तथा विभिन्न रोगका कारण कमजोर भएका अंगहरूको पुनःस्थापनामा सहयोग पुर्याउँछ। आधुनिक जीवनशैली, लामो समयसम्म बसिरहने बानी, खेलकुदका चोटपटक तथा वृद्धावस्थासँग सम्बन्धित समस्याका कारण यसको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको छ।

अस्पतालमा कार्यरत फिजियोथेरापिस्ट रोशन पुडासैनीका अनुसार फिजियोथेरापीमार्फत हाडजोर्नी, नसा सम्बन्धी समस्या (प्यारालाइसिस), मुख बाङ्गिने, साथै महिलामा देखिने पाठेघरसम्बन्धी समस्यासम्मको उपचार गरिँदै आएको छ। उनका अनुसार अस्पतालमा करिब साढे दुई वर्ष अघिदेखि फिजियोथेरापी सेवा सुरु गरिएको हो । हालसम्म थुप्रै बिरामीले यसको लाभ लिइसकेका छन्। विशेषगरी न्युरो तथा प्यारालाइसिसका बिरामीलाई बढी समय दिएर उपचार गरिने गरिएको पुडासैनीले

जानकारी दिए।


त्यसो त फिजियोथेरापी सेवा लिन आएका बिरामी भोले भण्डारीले पनि सकारात्मक अनुभव सुनाए। उनले थेरापीबाट उल्लेखनीय सुधार भएको बताए। 'पहिले सामान्य हिँडडुल गर्न पनि गाह्रो थियो, अहिले भने दौडिन सक्ने अवस्थामा पुगेको छु,' उनले भने।

यस्तै, त्यहाँ उपचारका लागि आएका अर्का एक बिरामीले पनि आफू चिकित्सकको सल्लाहअनुसार थेरापी गर्न आएको र यसबाट राम्रो सुधार भएको प्रतिक्रिया दिएका छन्।

अस्पतालकी फिजियोथेरापिस्ट प्रसिद्धा कोइरालाले विभिन्न जटिल अवस्थाका बिरामीहरुले पनि थेरापी गरिरहेको बताइन्। उनले हाल ब्रेन क्यान्सरका बिरामीलाई विशेष हेरचाहसहित थेरापी गराइरहेको जानकारी दिँदै, आफैं उभिन वा बोल्न नसक्ने अवस्थाका बिरामीलाई हातखुट्टा चलाउन सक्षम बनाउने प्रयास भइरहेको बताइन्।

उक्त अस्पतालको फिजियोथेरापी विभागमा हाल ६ जना अनुभवी फिजियोथेरापिस्ट कार्यरत छन्। बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म १२ घण्टा निरन्तर सेवा प्रदान गरिँदै आएको छ। कागेश्वरी मनोहरा नगर अस्पतालको फिजियोथेरापी सेवा उपचार मात्र नभई बिरामीको जीवनस्तर सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## डिप्रेशनः के यो चिन्ताको विषय होइन ?






- रोशन पुडासैनी
मनोवैज्ञानिक / फिजियोथेरापिस्ट

**'अब म नक्कल गर्न सक्दिन'ः एउटा हँसिलो अनुहार भित्र लुकेको कारुणिक अन्त्य**

कागेश्वरी मनोहरा, काठमाडौं : २७ वर्षीय अनोक (नाम परिवर्तित) को पहिचान एउटा 'जीउँदो जाग्दो' युवाको थियो। उनी जुनसुकै कोठामा प्रवेश गर्दा त्यहाँको वातावरण उज्यालो हुन्थ्यो। उनको लोभलाग्दो हाँसो र तीखो बुद्धिका कारण उनलाई साथीभाइहरू "हरेक जमघटको आत्मा" भन्ने गर्थे। तर जब उनको आत्महत्याको खबर सार्वजनिक भयो, उनलाई चिन्ने सबै स्तब्ध बने।

प्रहरीले घटनास्थलबाट एउटा संक्षिप्त तर अत्यन्तै मार्मिक सुसाइड नोट बरामद गरेको छ। जसमा लेखिएको थियो : **"अब म नक्कल गर्न सक्दिन।"**

### मौन पीडाको 'मुखुण्डो'

अनोकको यो ६ शब्दको अन्तिम सन्देशले समाजलाई एउटा गम्भीर प्रश्न छोडेको छ। बाहिरबाट सफल, सामाजिक र सधैं खुसी देखिने व्यक्तिले भित्रभित्रै कस्तो मानसिक युद्ध लडिरहेको थियो भन्ने कुरा उनको परिवार र नजिकका साथीहरूले समेत पत्ता पाउन सकेनन्।

**अनोकका एक नजिकका साथी सम्झिन्छन्, "हामीलाई लाग्थ्यो ऊ सबैभन्दा खुसी छ। तर अहिले फर्केर सोच्दा लाग्छ, कहिलेकाहीं उसको मुस्कानमा कताकता कृत्रिमता थियो। हामीले संकेतहरू बुझ्न सकेनौं।"**

हरेक भावना भित्र एउटा कथा हुन्छ, तह तहमा लुकेको।

### पहिचान नभएको डिप्रेशन र सामाजिक दबाब

यो घटनाले 'स्माइलिङ डिप्रेशन' (Smiling Depression) को डरलाग्दो रूपलाई सतहमा ल्याइदिएको छ। जहाँ पीडित व्यक्ति आफ्नो पीडा लुकाउन झन् बढी हँसिलो र सक्रिय हुने नाटक गर्दछ।

- पारिवारिक आघातः परिवारका लागि अनोक एउटा भरपर्दो खम्बा र गर्वको स्रोत थिए। उनको मृत्युले परिवारलाई "हामीले कहाँ गल्ती गर्यौं?" भन्ने कहिल्यै निको नहुने प्रश्नको भुमरीमा छोडिदिएको छ।
- युवा अवस्थाको जोखिमः २७ वर्षको उमेर, जहाँ करियर र सामाजिक अपेक्षाको भारी सबैभन्दा बढी हुन्छ, त्यही समयमा अनोकले "नक्कल" (Pretending) गरिरहन नसक्ने निर्णय गरे।

### विज्ञको सुझावः सुनिदिने कोही भइदिऊँ

मनोवैज्ञानिकहरूका अनुसार, मानिसहरू सामाजिक तिरस्कार वा 'कमजोर' देखिने डरले आफ्नो मानसिक समस्या लुकाउने गर्छन्। अनोकको केसमा पनि उनी आफ्नो पीडा भन्दा पनि अरूलाई खुसी राख्ने "नक्कल" बाट थकित भएको देखिन्छ। यदि तपाईं वा तपाईंको वरपर कोही मानसिक तनावमा हुनुहुन्छ भने, कुरा गर्न नहिचकिचाउनुहोस्।

- मानसिक स्वास्थ्य हेल्पलाइन (नेपाल): ११६६ (निःशुल्क सेवा)

सम्पादकीय नोटः अनोकको कथा एउटा व्यक्ति विशेषको मात्र होइन, यो हाम्रो समाजमा व्याप्त मानसिक स्वास्थ्य प्रतिको मौनताको ऐना हो। समयमै बोलौं, समयमै सुनौं।

# कागेश्वरी मनोहरा नगरपालिकामा न्यायिक समिति सक्रियः मेलमिलापबाटै विवाद समाधान गर्न जोड

कागेश्वरी मनोहरा, काठमाडौं : कागेश्वरी मनोहरा नगरपालिकाले नगरबासीहरू बीचको आपसी भाइचारा र मेलमिलाप कायम राख्न आफ्नो न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाउँदै लगेको छ । "विवादले दूरी बढाउँछ, मेलमिलापले मन जोड्छ" भन्ने मुख्य नाराका साथ नगरपालिकाले स्थानीयस्तरका विवादहरूलाई अदालतसम्म पुग्न नदिई स्थानीय तहमै समाधान गर्ने अभियान चलाइरहेको छ ।

नेपालको संविधानको धारा २१७ मा भएको व्यवस्था बमोजिम प्रत्येक नगरपालिकामा नगर उप-प्रमुखको संयोजकत्वमा नगर सभाबाट आफूहरूमध्येबाट निर्वाचित दुई जना सदस्यहरू सहित कुल तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । सोही व्यवस्था अनुसार कागेश्वरी मनोहरा नगरपालिकाको इजलास कक्षबाट स्थानीय विवादहरूको निरुपण तथा मेलमिलाप सम्बन्धी कार्यहरू सम्पादन हुँदै आएका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम यस न्यायिक समितिको अधिकार क्षेत्रलाई मुख्य दुई भागमा वर्गीकरण गरी कार्यसम्पादन भइरहेको नगरपालिकाले जनाएको छ :

**१. न्यायिक समितिले सिधै निरुपण गर्ने विवादहरू**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७(१) अनुसार आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको, र घरपालुवा पशुपंछी हराएको वा पाएको जस्ता विवादहरू यस अन्तर्गत पर्दछन् ।

यसैगरी जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको, वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घरबहाल विवाद, अर्काको घर जग्गामा असर पर्ने गरी रुख बिरुवा लगाएको, आफ्नो घर वा बलेसीबाट अर्काको घर वा सार्वजनिक बाटोमा पानी झारेको, तथा सँधियारको जग्गा तर्फ कानुन बमोजिम जग्गा नछोडि घर बनाएको जस्ता मुद्दाहरूमा पनि समितिले नै निरुपण गर्ने अधिकार पाएको छ । परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, पोखरी, धार्मिक वा सार्वजनिक स्थलको उपयोगमा बाधा पुर्‍याएको सम्बन्धी विवाद पनि न्यायिक समितिले नै हेर्ने गर्दछ ।

**२. मेलमिलापका माध्यमबाट मात्र समाधान गरिने विवादहरू**

ऐनको दफा ४७(२) अनुसार केही विवादहरूमा भने अनिवार्य रूपमा मेलमिलापको माध्यमबाट मात्र विवाद निरुपण गर्ने अधिकार समितिलाई छ । जसमा सरकारी वा सार्वजनिक बाहेक व्यक्तिको हकको जग्गा अर्कोले चापी वा मिची खाएको, अर्काको जग्गामा संरचना बनाएको, अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, गाली बेइज्जती, लुटपिट, र पशुपक्षी छाडा छाडी अरुलाई असर पारेको जस्ता विषयहरू समेटिएका छन् ।

यसका साथै अरुको आवासमा अनधिकृत प्रवेश गरेको, ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्‍याएको र प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने १ वर्षसम्म कैद हुन सक्ने फौजदारी तथा अन्य देवानी विवादहरू मेलमिलापमार्फत टुङ्ग्याइने व्यवस्था छ । पति-पत्नीको सम्बन्ध विच्छेदको सवालमा मेलमिलापका लागि प्रयास गरिए पनि सम्बन्ध विच्छेद नै गराउने गरी मेलमिलाप गर्न भने निषेध गरिएको छ ।

**हदम्याद र कानुनी बाटो**

न्यायिक समितिमा निवेदन (उजुरी वा फिराद) दिनका लागि प्रचलित कानुनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएको खण्डमा त्यस्तो कार्य भए गरेको मितिले ३५ दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्ने कानुनी व्यवस्था छ । तर, मेलमिलाप गरिने विवादहरूको हकमा पक्षहरूले चाहेमा न्यायिक समितिलाई नपर्खि सिधै अदालतमा मुद्दा दायर गर्न पनि कुनै बाधा नपर्ने स्पष्ट पारिएको छ ।

"विवाद गरौं अन्त्य, मेलमिलापबाटै बनौं सभ्य" भन्ने अभियानलाई सार्थक बनाउन कागेश्वरी मनोहरा नगरपालिकाले आफ्ना नगरबासीहरूलाई सानातिना विवादहरूमा अल्झिनुको साटो आपसी समझदारी र मेलमिलापको बाटो अपनाउन आह्वान गरेको छ ।

**१. न्यायिक समिति र यसको अधिकार क्षेत्र**

नेपालको संविधान, २०७२ को धारा २१७ मा व्यवस्था भए अनुसार कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवादको निरुपण गर्न प्रत्येक गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा नगर उप-प्रमुखको संयोजकत्वमा गाउँ सभा वा नगर सभाबाट आफूहरुमध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित गठन हुने तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था रहेको छ ।

**कागेश्वरी मनोहरा नगरपालिका न्यायिक समितिको इजलास कक्ष**



**२. न्यायिक समितिको अधिकार क्षेत्र २ भागमा वर्गीकरण गरिएको छः-**

१. न्यायिक समितिले निरुपण गर्ने विवादहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(१) अनुसार न्यायिक समितिले देहायका विवादहरुको निरुपण गर्ने अधिकार हुनेछ :-

क. आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

ख. अर्काको बाली नोक्सानी गरेको,

ग. चरन, घाँस, दाउरा,

घ. ज्याला मजदुरी नदिएको,

ङ. घरपालुवा पशुपंछी हराएको वा पाएको,

च. जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ. नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,

ज. वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घरबहाल र घर बहाल सुविधा,

झ. अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

ञ. आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

ट. सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोडनु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

ठ. कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,

ड. सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

२. मेलमिलापमार्फत समाधान गरिने विवादहरु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) अनुसार देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछः-

क. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको,

ख. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग. पति-पत्निको सम्बन्ध विच्छेद, (तर पति-पत्निको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।)

घ. अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

ङ. गाली बेइज्जती,

च. लुटपिट,

छ. पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

ज. अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

झ. अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

ञ. ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको,

ट. प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

(३) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा परेको मानिने छैन ।

(४) यस दफामा उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैंतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनका लागि निवेदन भन्नाले उजुरी वा फिरादलाई समेत जनाउँछ ।

"विवादले दूरी बढाउँछ, मेलमिलापले मन जोड्छ। कागेश्वरी मनोहरा नगरपालिकाका नगरवासी बीचको आपसी भाइचारा जोगाउन न्यायिक समितिको अभियानः विवाद गरौं अन्त्य, मेलमिलापबाटै बनौं सभ्य।"

## आर्थिक वर्ष २०८२-८३ को चैत्र महिनामा सम्झौता भएका तथा आह्वान गरिएका ठेक्का विवरण

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | सम्झौता मिति | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Satghatte-Adhikari Gaun-Manichud Road | Satghatte Adhikari Gaun Manichud Road /W/NCB/02/2082-83 | श्री प्रिस्किला कन्स्ट्रक्सन प्रा.लि., काठमाण्डौं | २४,७९८,९५९.५७ | १८,०१०,५४९.९३ | २०८२।१२।०१ | २०८३।०३।३० |
| 2 | Upgradation of Gagal-Dhartung-Bukune Road at Ward No. 1. | GagalDhartungBukuneRoad/W/NCB/09/2082-83 | श्री आर एण्ड सी कन्स्ट्रक्सन, काभ्रेपलान्चोक | २,४९९,९८२.७४ | १,९५७,७०९.७३ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 3 | Upgradation of Ghatte Khola-Khahare-Lamidanda Road at Ward no. 1 | GhatteKholaLamidandaRoad/W/NCB/10/2082-83 | श्री आर एण्ड सी कन्स्ट्रक्सन, काभ्रेपलान्चोक | ४,९९९,९८९.०४ | ३,५०९,८४०.८५ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 4 | Upgradation of Lungba Tole-Gole Tole-Saura Danda Road at Ward No. 1 | LungaSauraDandaRoad/W/ NCB/11/2082-83 | श्री ड्रिम मल्टिपर्पोज् एण्ड सप्लायर्स प्रा. लि., काठमाण्डौं | १,९९९,७५१.३५ | १,८८४,९४९.७५ | २०८२।१२।०९ | २०८३।०३।३० |
| 5 | Construction of Santari road at Ward no. 1 | SantariRoad/W/NCB/12/2082-83 | श्री आर एण्ड सी कन्स्ट्रक्सन, काभ्रेपलान्चोक | ३,२९८,८७३.२८ | २,५४८,९३६.३८ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 6 | Upgradation of Health Post-Syal Danda-Ward Office Road at Ward no. 3 | HealthPostSyalDandaWardOfficeRoad/W/NCB/13/2082-83 | श्री दोलखा काली भुमे कन्स्ट्रक्सन् एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौं | ४,९९५,९१८.३० | २,७६२,७१६.१५ | २०८२।१२।०९ | २०८३।०३।३० |
| 7 | Upgradation of Dhungedhara-Chapatari Thapadanda at Ward no. 3 | DhungedharaChapatariThapadandaRoad /W/NCB/14/2082-83 | श्री चिलाख विल्डर्स प्रा.लि., काठमाण्डौं | २,४९९,०५२.८२ | २,३८९,६७७.५२ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 8 | Upgradation of Bibhuti School-Humepipe Karkhana-PepsiCola Road | BibhutiSchoolPepsiColaRoad/W/NCB/15/2082-83 | श्री टि.एल्. विल्डर्स प्रा.लि., काठमाण्डौं | ६,९९९,४१७.५८ | ३,९८५,१८८.६१ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 9 | Reconstruction of Historical Newa Hiti at Ward no. 8. | HistoricalNewaHiti/W/ NCB/16/2082-83 | श्री शिल्पकार हेरिटेज विल्डर्स प्रा. लि., भक्तपुर | २,४९९,९६१.१२ | २,०८१,५६४.०५ | २०८२।१२।०९ | २०८३।०३।३० |
| 10 | Construction of Infrastructure Works at Tejbinayak School Premises at Ward no. 8. | TejbinayakSchoolWorks/W/NCB/17/2082-83 | श्री आर एण्ड सी कन्स्ट्रक्सन, काभ्रेपलान्चोक | २,४९७,३३२.९० | १,८२९,६५०.६३ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 11 | Upgradation of Mahantar-Kriyaputri Bhawan Road at Ward no. 9. | MahantarKriyaputriBhawanRoad/W/NCB/18/2082-83 | श्री भिजन एण्ड किचेन लिङ्क्स को. प्रा. लि., काठमाण्डौं | २,४९९,४५१.४९ | १,६३५,२१३.८४ | २०८२।१२।०६ | २०८३।०३।३० |

| क्र. सं. | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | सम्झौता मिति | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| 12 | Construction of Box Culvert Works Between Kageshwori Manohara Municipality Ward no. 9 & KMC 32. | KhahareBoxCulvertWorks/W/ NCB/19/2082-83 | श्री डि.एन.के. ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन, काठमाण्डौं | ६,९९०,०३८.८३ | ५,३६३,३९१.२१ | २०८२।१२।०२ | २०८३।०३।३० |
| 13 | Construction of Manakamana Tole Road at Ward no 6 | ManakamanaToleRoad/W/ NCB/20/2082-83 | श्री सन्तोष निर्माण सेवा | २,४९९,९७१.१८ | २,१००,६१०.१८ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 14 | Construction of Chapatari Temple Park at Ward no. 3 | ChapatariTemplePark/W/ NCB/21/2082-83 | श्री शेर्पा एण्ड मल्टिपल कम्पनी प्रा.लि., काठमाण्डौं | ३,९९९,४८०.८० | २९८३६७७.४८ | २०८२।१२।०३ | २०८३।०३।३० |
| 15 | Construction of Danchhi Health Post Building Ward no. 4 | HealthPostWard4/W/ NCB/22/2082-83 | श्री दधिकोट निर्माण सेवा, भक्तपुर | ६,४९९,२६६.२४ | ४,३३५,५०८.१३ | २०८२।१२।०६ | २०८३।०३।३० |
| 16 | Construction of Rastriya Nirman School Building | RastriyaNirmanSchool/W/ NCB/23/2082-83 | सम्झौता प्रकृयामा रहेको । | | | | |
| 17 | Rehabilitation of Alapot Health Post at Kageshwori Manohara Municipality Ward no. 2 | HealthPostWard2/W/ NCB/24/2082-83 | | | | | |
| 18 | Construction and Maintenance of Daachi-Nayagaun-Adarsha Road | DaachiNayagaunAdarshaRoad/W/ NCB/25/2082-83 | | | | | |
| 19 | Construction and Upgradation of Aasutosh Road at Kageshwori Manohara Municipality Ward no. 8 | AasutoshRoadWard8/W/ NCB/26/2082-83 | | | | | |
| 20 | Construction of Hariyali Height Road at Kageshwori Manohara Municipality Ward no. 5 | HariyaliHeightRoadWard5/W/ NCB/27/2082-83 | | | | | |

# १८ बर्ष भन्दा मुनिका बालबालिकालाई जोखिमयुक्त श्रममा लगाउनु कानूनी अपराध हो ।

"बाल श्रम निवारणमा साझेदारी, गरौं सबैले खबरदारी" होटेल, वर्कसप, फर्निचर, गलैचा, मनोरञ्जनका क्षेत्र र अन्य कुनैपनि उद्योग र कलकारखानामा बालबालिकालाई जोखिमयुक्त श्रममा प्रयोग गरिएको पाईएमा वा बालबालिकाको आपतकालिन उद्धार, राहत तथा संरक्षणका लागि



नेपाल प्रहरी (१००), बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), बाल हेल्पलाईन (१०९८), बाल कल्याण अधिकारीको मोबाईल नं. ९७६७९८०३३३ मा सम्पर्क गर्नहुन जानकारी गराईन्छ ।

**कागेश्वरी मनोहरा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महिला, बालबालिका तथा समाज कल्याण शाखा
थली डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

---

कागेश्वरी मनोहरा नगरपालिका

# मेयरसंग उद्यमशीलता कार्यक्रम



## सिताके च्याउ उत्पादन तथा प्रबर्धन

( सिताके च्याउ खेति )



सिताके च्याउ खेति तालिम



आधुनिक टनेल निर्माण



प्रबिधि हस्तान्तरण / च्याउको बिउ रोप्दै



च्याउ खेति



च्याउ खेति



च्याउ खेति



च्याउ खेति



च्याउ उत्पादन

प्राथमिकता क्षेत्र :
कागेश्वरी मनोहरा नगरपालिका भित्र रहेका

१. कृषि सहकारी २. बहुउद्देश्यीय सहकारी ३. अन्य सहकारी
४. इच्छुक कृषि फर्महरु ५. महिला समूहहरु